# ६ येशूमा बढ्नु वा हुर्कनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* यूहन्ना ३:१-१५, २ कोरन्थी ५:१७, यूहन्ना १५:४-१०, मत्ती ६:९-१३, लूका ९:२३,२४।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"येशूले जवाफ दिनुभयो "म जे भन्न गइरहेको छु सो सत्य छ। कोही मानिस फेरि जन्मिएन भने त्यसले परमेश्वरको राज्य देख्न सक्दैन।""** (यूहन्ना ३:३ रूपान्तरित)।

**निकोदिमस ख्रीष्टप्रति आकर्षित भएका थिए र उहाँको प्रशंसा गर्दथे तर खुला रूपमा उहाँलाई भेट्न आँट गरेका थिएन।** जब एक रात येशूलाई भेट्न आए तब उहाँलाई निकोदिमसले शिष्टाचारपूर्वक सम्बोधन गरे र उहाँ परमेश्वरबाट आउनुभएको गुरू भनेर उहाँको प्रशंसा गरेका थिए। निकोदिमसको त्यस भद्र व्यवहार भित्र सत्यको खोजी गर्ने मनशाय भइरहेको येशूले पहिचान गर्नुभएको थियो। त्यसकारण येशूले समयलाई बर्बाद गर्न दिनुभएन। बाइबलको अझ धेरै ज्ञानको आवश्यकता उनलाई नभएको येशूलाई थाहा थियो। तर चोला होइन आत्मिक नयाँ जन्मको आवश्यकता उनलाई भएको येशूले औँल्याउनुभएको थियो।

जतिसुकै धुरन्धर पण्डित भएतापनि येशूको त्यो वचन पचाउन निकोदिमसलाई साऱ्हो परेको थियो। आफू पूर्खा अब्राहमको वंशबाट आएको हुनाले परमेश्वरको राज्यमा स्वतः नागरिक हुने हक भएको निकोदिमस ढुक्क भइरहेका थिए। फेरि कट्टर फरिसी धर्मगुरू वा स्वामी भएकोले परमेश्वरको उनको पक्षमा रहेको हुनुपर्थ्यो, होइन र? त्यसकारण ठूलो आत्मिक परिवर्तनको आवश्यकता उनलाई किन खाँचो भएको थियो र?

तर आत्मिक परिवर्तन पवित्र आत्माको काम हो भनेर धैर्यतासाथ येशूले उनलाई सम्झाउनुभएको थियो। प्रत्यक्ष रूपमा उहाँले पवित्र आत्माले कसरी काम गर्नुहुन्छ सो हामी बुझ्न र देख्न सक्दैनौं। तर पवित्र आत्माको कामको नतिजाचाहिँ हामीले देख्न सक्दछौं। त्यसलाई धर्मान्तर वा आत्मिक नव जीवन प्राप्त गरेको भनेर

कहलाउँछौं। कोही मानिस येशूलाई विश्वास गरेर उहाँतिर आफ्नो जीवनलाई मोडेर चल्छ त्यो मानिसले नयाँ जीवन पाएको भनी सम्बोधन गर्दछौं। त्यसलाई आस्था परिवर्तन वा कन्भरजन भन्ने शब्दले प्रचलित छ। (धर्मलाई परिवर्तन गर्न कसैको अधिकार नभएकोले त्यसलाई धर्मपरिवर्तन गरेको भन्ने प्रचलित तथा पूर्वाग्रही शब्द उचित नभएको यस अनुवादक दावी गर्दछ। येशू ख्रीष्ट आफैले पनि आफूलाई अन्तर्घात गर्ने यहूदाको खुट्टा धोएर उनको यहूदी धर्मलाई उहाँले परिवर्तन गर्नुभएको थिएन)।

हाम्रो प्रभुले हामीलाई कसरी बोलाउनुभयो र उहाँले हाम्रो आत्मिक परिवर्तन कसरी गर्नुभयो भनेर हामीले सधैं सम्झिरहनुपर्दछ। तर आत्मिक परिवर्तन मात्र भएर पनि हुँदैन, दिनदिनै उहाँमा रहेर उहाँ जस्तै हुदै जाने लक्ष्यचाहिँ चुनौतीपूर्ण भइरहेको हामी मान्नुपर्दछ। (त्यसको अर्थ येशूभक्त अर्को येशू हुने वा येशूको अवतार हुने भनेको होइन। तर उहाँको आदर्शलाई सिक्दै हामीहरूले उहाँको चरित्र तथा स्वभावलाई प्रतिविम्ब गर्नु हो। पावलले फिलिप्पी २:५-११मा त्यसलाई प्रत्येक विश्वासीमा येशूको दिमाग वा मन स्थान्तरण हुनु हो भनेर आभास् दिएका छन्-अनुवादकको टिप्पणी)।

## १. नयाँ जन्मको स्वाद (यूहन्ना ३:१-५)

एक दिन जना राजनितिज्ञलाई एक महत्त्वाकाँक्षी इसाईले सोधे, "के तपाईं फेरि नयाँ गरी जन्मनुभएको छ?" त्यस व्यक्तिगत प्रश्नप्रति झर्को मानेर त्यस राजनितज्ञले जवाफ दिइन् "पहिले त काम गरेको थियो। अब छैन, धन्यवाद।"

हो, कुनै समयमा परमेश्वरको वचन सुनेर जोशिलो भएर झट्ट येशूलाई ग्रहण गरे होलान्। तर हामीहरूको पतित जीवनले गर्दा अनन्त जीवनको निम्ति पहिलो जन्म वा पहिलो आत्मिक परिवर्तन पर्याप्त छैन। त्यसै कारण हामी फेरि नयाँ गरी जन्मनुपर्छ वा पुनर्जन्मको प्रत्याभूति भइरहनुपर्छ।

**उक्त समसामयीक आत्मिक शिक्षालाई निकोदिमसँग येशूले गर्नुभएको वार्तालावले खुलाउनुभएको थियो। येशूमा पुनर्जीवन पाउनु भनेको के रहेछ भनेर यूहन्ना ३:१-२१लाई ध्यान दिएर पढ्नुहोस् "१**

निकोदेमस नाउँ भएका एक जना मानिस यहूदी महासभाका सदस्य थिए।
उनीचाहिँ फरिसी थिए। २ एक रात उनले येशूकहाँ आएर भने, "गुरुज्यू,
तपाईं परमेश्वरबाटै हामीलाई सिकाउन आउनुभएको हो। यो कुरा
हामीलाई थाहा भयो। यदि परमेश्वरले साथ दिनुभएन भने कसैले पनि
तपाईंले गर्नुभएको जस्तो शक्तिशाली कामहरू गर्न सक्दैन।" ३ येशूले
भन्नुभयो, "साँच्चै म तिमीलाई भन्छु, नयाँ गरी नजन्मिएसम्म कसैले पनि
परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले भने, "बुढो भइसकेको
मानिस फेरि कसरी जन्मिन सक्छ? ऊ फेरि आमाबाट जन्मिन सक्छ
र?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्छु, पानी र
आत्माबाट नजन्मिएसम्म कोही पनि परमेश्वरको राज्यमा पस्न सक्दैन।
६ शरीरबाट जन्मिएको शरीर हो र आत्माबाट जन्मिएको आत्मा हो। ७
तिमीहरू नयाँ गरी जन्मिनुपर्छ भन्ने कुरा सुनेर छक्क नपर। ८ हावा
जता मन लाग्यो, त्यतै बहन्छ। हावाको आवाज त तिमीहरू सुन्छौ, तर
त्यो कहाँबाट आउँछ अनि कहाँ जान्छ, तिमीहरूलाई पत्तो हुँदैन।
आत्माबाट जन्मिएको मानिस पनि त्यस्तै हुन्छ।" ९ निकोदेमसले भने,
"यस्तो कसरी हुन सक्छ र?"

१० येशूले भन्नुभयो, "तिमी त इस्राएलीहरूका ठूला गुरु हौ र
पनि यी कुरा बुझ्दैनौ? ११ साँच्चै म तिमीलाई भन्छु, हामीले जानेका
कुराको बारेमा बोल्छौं र आफूले देखेका कुरा नै सुनाउँछौं। तर
तिमीहरूले चाहिँ हामीले भनेका कुराहरू पत्याउँदैनौ। १२ मैले यही
संसारमा भएको कुराको बारेमा बोल्दा त तिमीहरूले पत्याउँदैनौ भने झन्
स्वर्गको बारेमा बोलें भने त कसरी पत्याउन सक्छौ र? १३ स्वर्गबाट
आउने मानव पुत्रबाहेक अरू कोही पनि स्वर्गमा गएको छैन। १४
इस्राएलीहरू उजाड-स्थानमा हुँदा मोशाले पितलको सर्प बनाएर काठमा
उचालेर राखेजस्तै मानव पुत्र पनि उचालिनुपर्छ। १५ यसरी उहाँमाथि
विश्वास गर्ने सबैले अनन्तजीवन पाउनेछन्।" १६ किनभने परमेश्वरले
संसारलाई यति धेरै प्रेम गर्नुभयो, उहाँले आफ्नो एक मात्र पुत्र पनि
दिनुभयो। परमेश्वरको पुत्रमाथि विश्वास गर्ने कोही पनि नाश हुनेछैनन्,
तर तिनीहरूले अनन्त जीवन पाउनेछन्। १७ परमेश्वरले त आफ्नो एक
मात्र पुत्रलाई संसारका मानिसहरूलाई दोषी ठहराउन होइन, तर
तिनीहरूलाई बचाउन पठाउनुभएको हो। १८ अब परमेश्वरको एक मात्र

**पुत्रमाथि विश्वास गर्ने कोही पनि दोषी ठहरिनेछैन, तर उहाँमाथि विश्वास नगर्ने जतिचाहिँ दोषी ठहरिसकेका छन् किनभने तिनीहरूले परमेश्वरको एक मात्र पुत्रलाई विश्वास गरेका छैनन्। १९ दोष यसरी लाग्छ, उज्यालोचाहिँ संसारमा आएको छ अनि मानिसहरूका काम दुष्ट भएको हुनाले तिनीहरूले उज्यालोलाई भन्दा अँध्यारोलाई मन पराउँछन् २० किनभने दुष्ट काम गर्ने सबैले उज्यालोलाई घृणा गर्छन्। उज्यालोमा तिनीहरूले गरेका कामहरू देखिन्छन् भन्ने डरले तिनीहरू उज्यालोमा आउँदैनन्। २१ तर सत्य कुरा मान्ने मानिसचाहिँ उज्यालोमा आउँछ र यसरी उसको काम परमेश्वरमा गरिएको हो भन्ने कुरा छर्लङ्ग देखिन्छ।"**

निकोदिमस यहूदी धर्मको पण्डित भएकोले पुरानो करारको ज्ञान उनमा थियो भन्ने कुरालाई कसैले नकार्न सक्दैन। नयाँ हृदयलाई सृजना गर्ने परमेश्वरको चाहना हो भनेर पुरानो करारमा बताइएको छ (भजन ५१:१०, इजकिएल ३६:२६)। येशूले त्यो आत्मज्ञानलाई खुलाउनुभएको थियो र कसरी हुन्छ भनेर पनि सम्बोधन गर्नुभएको थियो।

येशूले निकोदिमससँग कुराकानी गर्नुभएपछि त्यहिँ अन्त हुन्छ। निकोदिमसले फेरि आफ्नो मन्तव्य पोखाएको उल्लेख गरेको छैन। हुनसक्छ येशूको वचनलाई गहिरो गरि सोच्न घरमा फर्केर गए होलान्। उनको हृदयमा येशूले नयाँ र रहस्यमय विचार थप्नुभएको थियो। पवित्र आत्माले उनको हृदयमा विस्तारै काम गर्नुभएको थियो। तिन वर्ष पछि आफू येशूका चेला हुँ भनेर खुलारूपमा सार्वजनिक गर्न उनी तयार भएका थिए।

हामीहरूको प्राकृतिक भौतिक शरीर वा वंशगतले मात्र मुक्ति पाउन पर्याप्त छैन भनेर आत्मिक पुनर्जन्मको शिक्षाले बताउँछ। फेरि नयाँ जन्मको दुई पक्ष छन्: पानी र आत्माले जन्मनु पर्छ रे!

बप्तिस्मा दिने यूहन्नाको सेवाकार्यमा पानीबाट जन्मनुको अर्थ पानीमा बप्तिस्मा लिनु हो भनेर निकोदिमसले बुझेका थिए। तर आत्मामा जन्मनु भनेको पवित्र आत्मालाई हृदयमा काम गर्न दिएर त्यसलाई नयाँ काचुली फेर्न दिनु हो भनेर निकोदिमसले बुझ्नुपरेको थियो।

शारीरिक वा भौतिक जन्म र आत्मिक जन्मको बीचमा धेरै तुलना गर्न सक्छौं। दुवैले नयाँ जीवनको सुरुवात गराउँछ। फेरि हाम्रै

इच्छाले जन्मन्छु भनेर पनि हुँदैन। शारीरिक होस् वा आत्मिक होस् त्यो हामीहरू भन्दा बाहिरिय शक्तिको काम हो। दुवै जन्म हाम्रो निम्ति गरिदिएको हो। तर ती दुईको बीचमा अत्यन्त महत्त्वपूर्ण भिन्नता छ। हामी कहाँ यस भौतिक शरीर लिएर कहाँ जन्मन्छौं र वा जन्मन चाहन्छौं भनेर हामीले रोज्न सक्दैनौं। तर अध्यात्मिक वा आत्मिक परिप्रेक्ष्यमा हामीले कसलाई हाम्रो स्वामी बनाउने भनेरचाहिँ हामी रोज्न सक्छौं। तर जसले आफ्नो जीवनमा पवित्र आत्मालाई काम गर्न दिएर पुनर्जन्म दिलाउन चाहन्छ भने त्यो मानिसलेमात्र नयाँ गरि जन्मेको स्वाद पाउँछ। परमेश्वरले हाम्रो आत्मनिर्णयको अधिकारलाई सम्मान गर्नुहुन्छ। हामीहरूको फोहरी जीवनलाई उहाँले सफा बनाउन परिवर्तन गर्न चाहनुहुन्छ। तर हामीहरूको अनुमतीबिना वा स्वविवेकले नरुचाएको अवस्थामा जबरजस्ती उहाँले हामीलाई परिवर्तन गर्न चाहनुहुन्न। यस मामिलाले धर्मान्तर वा येशूलाई मान्ने प्रविधी अर्थात् कन्भर्जन कुनै वाह्यशक्तिको बलजफ्ती नभएर स्वविवेकको अधिकारलाई प्रयोग गरेर येशूलाई मान्नु हो भनेर देखाउँदछ।

**तपाईंले परमेश्वरको आवाज सुनेर तपाईंको जीवनलाई उहाँले परिवर्तन गर्न दिनुभएको बारेमा सोच्नुहोस्। त्यो परिवर्तन चाहे तुरन्तै भएको होस् वा बिस्तारै बिस्तारै भएको होस् त्यसको मतलब छैन। तैपनि तपाईंले के येशूमा आत्मिकरूपमा नयाँ जन्मको स्वाद पाउनुभएको छ?**

## २. येशूमा रहेर नयाँ जीवन शैलीको अनुभूति हुनु (तितस ३:५-७)

पवित्र आत्मालाई काम गर्न दिएन भने कोही पनि नयाँ गरि जन्मसक्दैन। यसलाई वाख्या गर्न येशूले ग्रीक शब्द न्युमा (pneuma) प्रयोग गर्नुभएको थियो। त्यसको अर्थ आत्मा र हावा हो। त्यसले विस्तारै विस्तारै परिवर्तन गर्छ भन्ने देखाउँछ (यूहन्ना ३:८)। हावा बग्छ आफ्नै इच्छाले। त्यसलाई कसैले पनि सुरूगर्न सक्दैन वा कता वहनुपर्छ भनेर पनि अऱ्हाउन सकिन्दैन न त रोक्न नै सकिन्छ। हावाको वेग मानिसको नियन्त्रण भन्दा बाहिरको छ। त्यस वेगमा हामी केवल चल्नमात्र सक्छौं। हावाले हामीलाई दिने फाइदा अनुसार चल्न चाहन्छौं वा चाहन्नौं त्यो चाहिँ हाम्रो आत्मनिर्णयको अधिकार हो।

त्यही प्रकारले पवित्र आत्मा सधैँ मानिसको हृदयमा चेतनाद्वारा घचघचाइरहेको हुन्छ। उहाँले त्यस मानिसको हृदयमा बिस्तारै काम गरेर खीष्टलाई अङ्गाल्न घचघचाइरहेको हुन्छ। परमेश्वरको महान् मुक्तिको योजना र मानिसलाई परिवर्तन गर्ने शक्तिलाई कसैले रोकेर रोक्न सकिन्दैन तर तिनीहरूलाई स्वीकार गर्न वा नगर्न हामी सक्छौँ। जब हामीले उहाँको आवाजलाई स्वीकार गरेर हामीहरूको जीवनलाई परमेश्वरमा सुम्पन्छौँ तब पवित्र आत्माले हाम्रो जीवनमा नयाँ जन्मको फल फलाउनुहुन्छ।

हामी नयाँ गरि जन्मियौँ भन्ने अनुभव के कुनै रितले थाहा पाउन सक्छौँ र? पविब आत्मा अदृष्य रूपमा काम गर्नुहुन्छ। तर उहाँले गरेको कामको परिणामचाहिँ प्रत्यक्ष्य रूपमा  देख्न सक्न सकिन्छ। हामीहरूका वरिपरि रहेका मानिसहरूले हामीहरूको हृदयमा येशूले नयाँ हृदय सृजना गर्नुभयो कि भएन भनेर देख्दछन्। हामीहरूको आत्मिक परिवर्तन भएको छ कि छैन भनेर हामीहरूको आचरण वा जीवनशैलीले देखाउँदछ। त्यसको पुष्टि गर्न येशूले भन्नुभयो, “प्रतेक रूख कस्तो छ भनेर त्यसको फलले देखाउँछ।" (मत्ती ७:२० रूपान्तरित)।

येशूमा नयाँ गरि जन्मनु भनेको बाहरिय आचरणमा टालटुल गरेर बदल्नु होइन। त्यो कुनै सानो परिवर्तन पनि होइन र पुरानो जीवनलाई सुधार्दै लैजाने काम पनि होइन, तर पूरा आमूल तथा मौलिक परिवर्तन गर्नु नै नयाँ जीवनको उद्देष्य हो।

**पवित्र आत्माको आवाजलाई स्वीकारेर हामीहरूको जीवनमा आमूल तथा मौलिक परिवर्तन ल्याउनु भनेको के हो भनेर देहायका केही पदहरूले खुलासा गरेका छन्। हेर्नुहोस्ः तितस ३:४-८ “ तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, ५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू खीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं। ८ यो भनाइ पक्का छ। म चाहन्छु कि तिमीले यी कुराहरूमा जोड देऊ, ताकि तिनीहरू जसले परमेश्वरमा**

**विश्वास राखेका छन् आफूलाई असल काममा कायम राख्न होशियार रहून्, किनकि यी कुरा मानिसहरूका लागि उत्तम र लाभदायक छन्।", २ कोरन्थी ५:१७ "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।" र गलाती ६:१५ "न त खतनाको केही महत्त्व छ, न बेखतनाको, तर नयाँ सृष्टि नै सब थोक हो।"**

हामीहरूमा नयाँ विचार, नयाँ भावना, नयाँ जोश, नयाँ लक्ष्य, नया उमङ्ग, नयाँ नियतहरू पवित्र आत्माको सहायताले ख्रीष्टले राखिदिनुहुन्छ। उहाँले हामीहरूको विवेकलाई जागरुत गराउनुहुन्छ, हामीहरूको बौद्धिकता वा सोचविचारलाई परिवर्तन गर्नुहुन्छ, अपवित्र वा प्रत्येक खराब नियतहरूलाई उहाँले रोक्नुहुन्छ र स्वर्गको मिठो शान्ति तथा आनन्दले हामीलाई भर्नुहुन्छ। यस्तो खालको परिवर्तन अपरझत वा तुरन्त हुन्छ भन्ने छैन। येशूभक्तको जीवनलाई अघि सार्दै जाँदा हामी नयाँ व्यक्ति हुँदै जान्छौं। यो हुन आवश्यक छ किनभने आमाको गर्भबाट आएका हाम्रो पुरानो व्यक्तित्व परमेश्वरको सामु ठिक छैन।

**तपाईंको विगतको चौबिस घन्टाको बारेमा ख्याल गर्नुहोस्। तपाईंमा भएको ख्रीष्टलाई तपाईंको वचन, मनस्थिति वा भावना र कामलाई अरू मानिसहरूले कतिको देख्न सकेका छन्, सो को समिक्षा गर्नुहोस्। पवित्र आत्माको सहायताले तपाईंको जीवनको कुन पक्ष्यलाई बदल्नुपर्छ सो को लागि प्रार्थना गर्नुहोस्।**

## ३. येशूमा बढ्दै जानु (यूहन्ना १५:४-१०)

ख्रीष्टमा सधैं भर परेर मात्रै आत्मिक जीवन बढ्दै जान सक्छ। उहाँमा कसरी बढ्दै जानु भनेको वाख्या गर्न येशूले लहरे बिरुवाको उदाहरणको दिँदै भन्नुभयो: "म लहरे बिरुवा हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ।" (यूहन्ना १५:५ रूपान्तरित)। इस्राएल परमेश्वरले रोप्नुभएको लहरे बिरुवा हो भनेर पुरानो करारमा चित्रण गरिएको थियो (यशैया ५:१-७, भजन ८०:८,९, यर्मिया २:२१)। तर सत्य लहरे बिरुवा आफै हुँ भने येशूले प्रस्तुत गर्नुभएको थियो (यूहन्ना १५:१)। जसरी लहरे बिरुवा वा दाखको बोटमा हाँगाहरू हुन्छन् त्यसरी नै आफ्ना

अनुयायीहरू उहाँमा गाभिँदै उहाँसँग एक भएर बस्नुपर्छ भनेर उहाँले जोड दिनुभएको थियो।

खीष्टमा निरन्तररूपमा रहेर आत्मिक जीवनलाई हुर्काउँदै जानु भनेको के हो भनेर यूहन्ना १५:४-१०मा भनेकोलाई तपाईंले के भन्नुहुन्छ "१ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। ४ ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। ९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। ११ मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्।"

कुनै पनि हाँगा बोटबाट भर्खरै काटिन्दा हरियो वा ताजा देखिन्छ होला। तर केही समयपछि बोटबाट अलग गरिएको हुनाले त्यो हाँगा सुकेर जान्छ र मर्दछ। हाँगालाई जीवित पारीराख्ने स्रोतबाट त्यसलाई छिनालेको हुँदा त्यसमा हरियो भएर बस्ने तत्व हुँदैन। त्यसरी नै खीष्टमा बुनेर वा उहाँमा सम्बन्ध राखेर बस्दामात्र येशूभक्तहरू जीवित

भएर बस्न सक्छ। बिहान केही समय बाइबल पढेर वा प्रार्थना गरेर दिन सुरू गर्नु अत्यन्त महत्त्वपूर्ण कुरो हो तर दिनभरको कामधन्धामा पनि परमेश्वर आफ्नो नजिक भएको आभास् पाइरहनुपर्दछ। उहाँमा गाँसिएर बस्नु वा एक भएर बस्नु भनेको यथार्थमा के हो भन्दा हामीहरूको अन्तरदृष्टि उहाँमा राखिरहनु हो, उहाँको अगुवाईको निम्ति चाहना गरिरहनु हो, उहाँको इच्छा पालन गर्न उहाँको बल पाउन प्रार्थना गरिरहनु हो र उहाँको प्रेमले हामीहरूको जीवन भरिपूर्ण भइरहुन् भनेर उहाँसँग बिन्ति गरिरहनु हो।

विहान एक छिनको उपासनाको समय पछि दिनभरी आफ्नो कामधन्धामा लागेर परमेश्वरको उपस्थितिबाट स्वतन्त्र भएर बस्नु असफल इसाई जीवनलाई प्रदर्शित गर्नु हो। "म बिना तिमीहरू केही पनि गर्न सक्दैनौ।" (यूहन्ना १५:५ रूपान्तरित) येशूले जिकिर गर्नुभयो। येशू बिना अलिकति लोभ वा प्रलोभनबाट पनि हामी सुरक्षित भएर बस्न सक्दैनौं। उहाँबिना हामीहरूको अगाडि ओइरहेको पापलाई पन्छाउन पनि सफल हुँदैनौं। उहाँबिना उहाँको चरित्रको बिकास गरेर उहाँ जस्तै हुन सक्दैनौं। उहाँको जस्तै चरित्र वा स्वभावको विकास भनेको हामीहरूको व्यवहारमा, वचनमा, सोचबिचार आदिमा उहाँको दिमागलाई हामीहरूको दिमागमा प्रत्यारोपण गरेर उहाँ जस्तै उज्यालो भएर बस्नु हो। खीष्टसँग नजिक सम्बन्ध राखेर मात्रै हामीहरूको नयाँ आत्मिक जीवन हुर्कन सक्छ।

परमेश्वरको वचन पढेर त्यसलाई गहिरो रूपमा सोच्न सकिरह्यौं भने हामी आत्मिक रूपमा तृप्त भएर बस्छौं र सफल इसाई जीवन यापन गर्न सक्षम् हुन्छौं। उहाँले भन्नुभयो, "जुन वचनहरू तिमीहरूलाई बोल्दछु ती तिमीहरूलाई जोशिलो बनाउने आत्मा हुन् र तिमीहरूका निम्ति जीवन हुन्।" (यूहन्ना ६:६३ रूपान्तरित)। परमेश्वरको वचनलाई हामीहरूको मन र दिमागमा चल्न दिइरह्यौं भने उहाँसँग प्रार्थना गरिरहन र उहाँसँग सम्पर्कमा रहिरहन प्रेरणा दिलाउँछ। नत्र भने यस संसारमा आउने अलिकति चिन्ताफिक्रीले हामीहरूको जीवनलाई सजिलैसँग तहसनहस पार्न सक्छ (मर्कूस ५:१९ रूपान्तरित)। त्यसकारण हरतरहले उहाँसँग रहन हामी अथक प्रयास जारी राख्नुपर्दछ।

खीष्टको निकट रहन तपाईंलाई बाधा पुऱ्याइरहने केही ठूला ठूला समस्याहरू के के हुन्? त्यसमाथि विजय पाइरहन वा त्यसलाई हटाउन तपाईंले कस्ता कस्तो कदमहरू चाल्नुपर्छ भनेर के कहिलै सोच्नुभएको छ?

## ४. प्रार्थनको आवश्यकता (मत्ती ६:९-१३)

येशूमा रहिरहन र आत्मिक रूपमा वढिरहनु बाइबल अध्ययनको साथै प्रार्थना पनि अत्यन्त महत्त्वपूर्ण इसाई जीवनको भाग हो। आफ्ना पितासँग एक भएर बस्न येशू आफै पनि प्रार्थनामा तल्लिन हुनुभएको थियो। प्रार्थनाको जीवन भनेको के हो भनेर उहाँले हामीलाई आफ्नै उदाहरणद्वारा प्रस्तुत गरेर छोड्नुभएको थियो। उहाँको जीवनको प्रत्येक महत्त्वपूर्ण क्षण प्रार्थनाले भरिएको थियो। जब उहाँले बप्तिस्मा लिनुभयो तब उहाँले प्रार्थना गर्न उजाड स्थानमा जानुभएको थियो। प्रायजसो बिहान सबेरै वा बेलुका घाम अस्ताएपछि उहाँले प्रार्थना गर्नुहुन्थ्यो। कहिलेकाहिँ उहाँ रातभरी प्रार्थना गरेर बिताउनुहुन्थ्यो। आफ्ना बाऱ्हजना चेलाहरूलाई चुन्नु भन्दा पहिले उहाँ रातभरी प्रार्थना गर्नुभएको थियो। मरेको लाजरसलाई जिउँदो बनाउन उहाँले प्रार्थना गर्नुभएको थियो। क्रुसको क्रुर यातना भोग्न जानु परे तापनि उहाँ प्रार्थना गर्न छोड्नुभएन।

यदि “हामीलाई के चाहिन्छ सो हामीले माग्नुभन्दा पहिले परमेश्‍वर पितालाई थाहा छ भने" (मत्ती ६:८ रूपान्तरित) हामीहरूको आवश्यकतालाई उहाँकहाँ प्रार्थनाद्वारा किन पुऱ्याउनु पर्छ र? किनभने प्रार्थनाद्वारा हामीले हामीहरूको जीवनलाई हामीबाट खाली गरेर उहाँमा भर पर्न सिक्नको लागि हामीलाई प्रार्थनाको जरूरत पर्छ।

“माग त तिमीलाई दिइनेछ, खोज त तिमीले भेट्टाउने छौ, ढकढक्याउ त तिम्रो निम्ति उघारिने छ।" (मत्ती ७:७ रूपान्तरित) भन्ने प्रतिज्ञा येशूको हो। बारम्बार त्यहि कुरा दोहऱ्याउँदै हामीहरूको शब्द अलङ्कारले उहाँलाई प्रभाव पार्न आवश्यक छैन (मत्ती ६:५-९)। तर जे होस् वा नहोस् उहाँका प्रतिज्ञाहरूलाई (यूहन्ना १५:७, यूहन्ना १६:२४) आत्मसात् गरेर निरन्तररूपमा प्रार्थनाको मनस्थितिमा रहिरहनुपर्छ।

येशूले चेलाहरूलाई तथा हामीहरूलाई पनि प्रार्थना गर्न सिकाउनुभएको थियो। उहाँले सिकाउनु भएको प्रार्थनामा विभिन्न भागहरू छन्। त्यसलाई सिकेर हामी ख्रीष्टमा वढ्न कसरी सिक्ने? हेर्नुहोस् मत्ती ६:६-१३ “ ६ तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। ७ र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थै नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन्। ८ यसकारण तिनीहरूजस्ता नहोओ। किनभने तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ। ९ “तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर: ‘हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्। १० तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। ११ हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। १२ हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं। १३ हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन।’

परमेश्वर र हाम्रो बीचमा सहजकर्ताको रूपमा येशूले स्वर्गमा काम गरिरहनुभएको छ। त्यसैकारण हामीले प्रार्थना गर्दा उहाँको नाउँमा पितालाई सम्बोधन गर्नुपर्छ भनेर उहाँले हामीलाई सिकाउनुभएको थियो। उहाँले भन्नुभयो “म जे भन्दै छु, त्यो सत्य छ। मेरो नाउँमा मेरो पितासँग तिमीहरूले जे मागौला सो तिमीहरूलाई दिइनेछ।" (यूहन्ना १६:२३ रूपान्तरित)। तर त्यस अचम्मको प्रतिज्ञालाई उपभोग गर्न हामीहरूको तर्फबाट पनि उहाँका केही नितिहरू पालन गर्नुपर्छ भनेर उहाँले औंल्याउनुभएको थियो। परमेश्वरले हामीहरूको प्रार्थनाको उत्तर दिनुहुन्छ भनेर विश्वास गर्नै पर्छ (मत्ती २१:२२)। अरूप्रति सदाशय र क्षमाको भावनामा हामीहरूको मनस्थितिलाई जारीराखिरहनै पर्छ (मर्कूस ११:२५)। फेरि अर्को महत्त्वपूर्ण पालन गर्नुपर्ने निति भनेको हामीहरूको चाहना, इच्छा आदि परमेश्वरको इच्छामा समर्पण गरिरहनुपर्दछ (मत्ती ६:१०, लूका

२२:४२)। अनि प्रार्थनाको जवाफ तुरन्तै आएन वा ढिलो भयो भन्दैमा हामी हताश निराश हुनुहुन्दैन। बरू कहिलै नथाकिकन निरन्तररूपमा हामीले प्रार्थना गरिरहनुपर्दछ (लूका ११:१)।

ख्रीष्टलाई हामीले हाम्रो मुक्तिदाता भनेर अङ्गालेको जतिसुकै धेरै वर्ष भएतापनि "प्रभु हामीलाई प्रार्थना गर्न सिकाउनुहोस" (लूका ११:१) भन्ने चेलाहरूको अनुरोध हाम्रो पनि महत्त्वपूर्ण अनुरोध भइनै रहनुपर्छ। तपाईंको प्रार्थनामय जीवनमा कुन यस्तो भाग छ जसमा परमेश्वरको अनुग्रहले तपाईं वढ्दै जाने आवश्यकतालाई महसूस गराउँछ?

## ५. प्रत्येक दिन स्वार्थत्यागको जीवन (लूका ९:२३,२४)

हुन त यो कुरो असजिलो वा सम्भाव्यता जस्तो देखिन्दैन। तर यदि हामी दिन दिनै सही रूपमा अर्थमूलक जीवन बिताउन चाहन्छौं भने हामीहरूको स्वार्थलाई मारिरहनुपर्दछ। जब हामीले बप्तिस्मा लियौं तब हामीहरूको पुरानो स्वभावलाई मारेका थियौं। पानीबाट बाहिर निस्किएपछि नयाँ चोला लिएर निस्केका हुन्छौं। बप्तिस्मामा डुब्दा पुरानो पापमय शरीर पनि सदाको लागि पानीमै गाडिएको भएको कति उत्तम हुन्थ्यो! अनि पुरानो मानविय चोलासँग हामीहरूको केही सरोकार नै हुन्नथ्यो। तर ढिलो होस् वा चाँडो होस्, हामीहरूको पुरानो स्वभाव वा चरित्र र चाहनाहरू बुरुक बुरुक उम्लेर जिस्क्याउँदै हामीलाई नियन्त्रण गर्न खोजिरहेको हामी पाउँछौं। त्यसले हामीहरूको भौतिक शरीर अझै जिउँदो छ र हाम्रो आत्मिक चोलासँग संग्राम गरिरहेको यथार्थताको अनुभव गर्दछौं। पापमय भौतिक जीवनसँग विजय पाइरहन बप्तिस्मा पछि पनि त्यसको अन्त्यष्ठी गरिरहनुपर्छ। अर्थात् हामीलाई दबाउन खोज्ने भौतिक आकाँक्षाहरूलाई दिनदिनै मरेको चाहना गरिनै रहनुपर्छ। यसै जीवनमा हामीहरूले हामीहरूको क्रुस हामीले बोक्नुपर्छ भनेर येशूले भन्नुभएको कथनको अर्थ त्यही हो।

लूका ९:२३-२६को अर्थ के हो, सोच्नुहोस्: "तब उहाँले सबैलाई भन्नुभयो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। २४ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले

त्यो बचाउनेछ। २५ किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र? २६ तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।"

सिकिस्त बिमार, अनि दुःखपूर्ण जीवन वा जीवनका घट्नाहरू र अपाङ्ग शरीर लिएर जिउनु नै आफ्नो क्रुस आफैले बोक्नु हो भनेर कतिपयले सोच्दछन्। निःसन्देह ती सबै कुराहरू सहन कठिन छन् र जीवनमा ती कुराहरू गऱ्हौं भारी भएर बस्नसक्छन्। यद्यपि येशूले भन्न खोजिरहनुभएको आफ्नो क्रुस बोक्नु भन्नुको अर्थ त्यसमा मात्र सिमित नराखी त्यो भन्दा अघि बढेर हेर्नुपर्छ। यथार्थमा आफ्नो क्रुस बोक्नुको अर्थ दिनदिनै आफ्नो भाऊलाई त्यागीरहनसक्ने गुण हो। त्यो कहिलेकाहिँ आकलझुकलमा मात्र नभएर दिनदिनै हामीहरूको स्वभाव हुनुपर्छ। हामीहरूको जीवनमा केही भागमात्र त्याग्ने अर्को भागलाई पोसिराख्ने होइन हामीहरूको सम्पूर्ण जीवन स्वार्थत्यागको भावनाले अभिप्रेरित गराएर राख्नुपर्छ।

येशूभक्तको जीवन क्रुसमा टाँगिएको जीवन हो। त्यसको अर्थ आफ्नो स्वाभिमानलाई क्रुसमा झुन्द्याइएर राख्नु हो। पावलले यसबारे यस्तो अभिव्यक्ति प्रकट गर्दछन् "म क्रुसमा येशूसँग टाँगिएको छु। म जीइरहेको छैन। तर ख्रीष्ट ममा जीउनुहुन्छ।" (गलाती २:२० रूपान्तरित)। रोमी सरकारले आविष्कार गरेको अपराधीलाई क्रुसमा झुन्डयाउने निर्मम यातनामा अपराधीलाई क्रुसमा टाँगिएपछि तुरुन्तै ऊ मर्दैनथ्यो। अपराधी क्रुसमा झुण्डिरहेको बेलामा कहिलेकाहीँ घन्टौं वा दिनौंसम्म प्राण त्याग्नु भन्दा पहिले कष्टसँग ऊ संघर्ष गरिरहन्थ्यो। त्यही प्रकारले हामीहरूको पुरानो स्वभाव क्रुसमा टाँगिएतापनि क्रुसबाट बौरि नउठुञ्जेल जीउनको निम्ति हामी संघर्ष गरी नै रहन्छौं। (अर्थात् येशूको दोस्रो आगमन नहुञ्जेल तथा यस पापी संसारमा हामी बाँचुन्जेल अर्थमूलक जीवन बिताउन संघर्ष गरी नै रहनुपर्दछ)।

हामी आफू को हो भनेर बिर्सन त्यति सजिलो छैन। स्वार्थरहित जीवन बिताएर आफू भन्दा अरूको भाऊलाई अघि राख्ने स्वभामा रहने काम सहज छैन। हामीहरूको पुरानो स्वभाव हठी छ। हामीमा भएको

स्वार्थ मर्न चाहन्दैन। आफ्नै इच्छाले हामी क्रुसमा टाँगिन सक्दैनौं। तर त्यसको निम्ति ख्रीष्टलाई काम गर्न दिन सक्छौं। "कोही मानिस पनि आफूलाई रित्याउन सक्दैन त्यसकारण हामीहरूको आत्मिक क्रन्दन यस्तो हुनुपर्दछ, प्रभु मेरो हृदय लिनुहोस्। किनभने स्वइच्छाले तपाईंलाई मेरो हृदय दिन सक्दिँन। यो तपाईंकै सम्पत्ति हो। यसलाई सफा र शुद्ध राख्नुहोस्। तपाईंको निम्ति यसलाई म सम्हाली राख्न सक्दिँन। मबाट मलाई बचाउनुहोस्। मेरो कमजोर र ख्रीष्टविहिन शरीरलाई तपाईंले नै राख्नुहोस्। तपाईंकै इच्छमा मलाई मोड्नुहोस्। पवित्र र शुद्ध तथा निष्कलङ्क जीवनमा मलाई उठाउनुहोस्। मेरो हृदयबाट तपाईंको प्रशस्त प्रेमको प्रवाह नहुञ्जेल मलाई तपाईंले नै सम्हाली राख्नुहोस्।

"इसाई जीवनको सुरुवातमा मात्र हामीले त्यस स्वार्थ त्यागको भावनालाई प्रतिबद्ध जनाउने होइन। स्वर्गको निम्ति प्रत्येक कदम चाली रहन्दा उपरोक्त बिन्ति उहाँमा चढाइ रहनुपर्दछ। निरन्तररूपमा आफूलाई बिर्सेर वा आफूलाई त्यागेर ख्रीष्टमा भर पर्ने सकेमात्र हामीहरू आत्मिक जीवनमा सुरक्षितसाथ हिंड्न सक्दछौं।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. १५९,१६०बाट रूपान्तरित।

आफ्नो भाऊ नखोजी अरूको भाऊलाई आदर गर्नुभएको अन्तिम समय तपाईंको कहिले थियो? अर्थात् आफ्नो स्वार्थलाई त्याग पछिल्लो पल्ट तपाईंले कहिले गर्नुभएको थियो? यस बुँदामा उल्लेखित बाइबलका पदहरू पढेर तपाईंको सोचमा कस्तो असर परेको छ?

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित स्टेपस टु क्राइस्ट, पृ. ४३-४८को "कन्सक्रेशन" र द डिजाएर अभ एजेज, पृ. १६७-१७७को "निकोदिमस" पढ्नुहोस्।

" विश्वमा धेरै संग्रामहरू हुन्छ र कसैले जित्छ त कसैले हार्छ तर सबभन्दा ठूलो युद्ध भनेको आत्मसंघर्ष वा आफूभित्र हुने लडाईं हो। परमेश्वरको इच्छामा रहेर उहाँमा समर्पित जीवन बिताउन संघर्षको आवश्यकता पर्छ। तर कोही मानिस पवित्र वा निष्कलङ्क जीवन बिताउन चाहना गर्छ भने त्यसले आफ्नो आत्मा वा विवेकलाई

परमेश्वरमा आत्मसमर्पण गर्नैपर्छ। (त्यसको अर्थ हामी आफूले आफूसँग लड्न सक्दैनौं तर परमेश्वरलाई नै लड्न दिनु हो)।—एलेन जी ह्वाइट, स्टेपस् टु क्राइष्ट, पृ. ४३बाट भावरूपान्तरित)।

"हामीले पुरानो जीवनलाई पनि पाली राख्ने अनि परमेश्वरको प्रशस्त आशिषको उपभोग गर्न पनि अपेक्षा गर्ने? यो सम्भव छैन। हाम्रो पुरानो जीवनलाई रित्याउनै पर्छ। यदि स्वर्गको फाइदा हामी उठाउन चाहन्छौं भने यी कदमहरू चाल्नै पर्छ (१) आफ्नो भाऊ खोज्ने प्रवृत्ति तथा स्वार्थलाई त्याग (२) अनि हामीहरूको सम्पूर्ण आयामहरूमा अर्थात् मानसिकता, आत्मियतामा येशू ख्रीष्टको इच्छालाई समावेश गराउनु।"-एलेन जी ह्वाइट, इन हेभेन्ली प्लेसेस, पृ. १५५बाट भावरूपान्तरित।

"जब परमेश्वरको आत्माले मानव हृदयलाई नियन्त्रण गर्छ तब उसको जीवन परिवर्तन हुन्छ। पापमय सोचविचार वा प्रवृत्तिलाई थान्को लगाइन्छ। दुष्ट कामहरू गर्न रोकिन्छ। रिस, डाहा, चिन्ता आदिको ठाउँमा प्रेम, नम्रता र शान्तिले बास गर्छन्। दिक्कपना वा उदासिन मनस्थितिको ठाउँमा आनन्दले भरिन्छ र स्वर्गको ज्योति त्यसको अनुहारबाट चम्किन्छन्। जब परमेश्वरमा विश्वास राखेर आफ्नो आत्मालाई उहाँमा समर्पण गर्छ तब आशीषहरू उसमा खनिन्छ। अनि उसमा भएको अदृष्य शक्तिले उसलाई नयाँ व्यक्तित्वमा ढालिदिन्छ र विस्तारै विस्तारै ऊ परमेश्वरको स्वरुपमा बदल्दै जान्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. १७३बाट भावरूपान्तरित)।

**चिन्तनमनन:**

१. ख्रीष्टमा रहिरहनु भनेको तपाईंको अनुभवमा के भएको छ? येशूसँग सम्पर्कमा हुँदा तपाईंको जीवनले कस्तो मोड लिएको अनुभव गर्नुभएको छ? उहाँबाट पर रहन्दा तपाईंलाई कस्तो भएको थियो?

२. जब हामी कुनै विषयको निम्ति प्रार्थनामा तल्लिन हुन्छौं तब त्यसको जवाफ तुरन्तै नआउँदा आत्मिक संघर्ष नहुने को होला? तपाईंले अपेक्षा गर्नुभएको अनुसार प्रार्थनाको जवाफ पाएन भनेपनि परमेश्वर र उहाँका वचनहरूमा कसरी विश्वास

गरिराख्ने? यस्तो परिस्थितिमा कुन् महत्त्वपूर्ण कुरालाई सम्झिरहनुपर्छ?

३. दैनिक जीवनमा स्वार्थ त्याग गर्न परमेश्वरले गर्नुभएको मागमा के समस्याहरू हामीहरूको माझमा खडा हुनसक्छ? यसरी हेर्नुहोस्ः यदि तपाईंले आफ्नो मात्र भाऊ खोज्ने प्रवृत्तिलाई पोसाइ राख्नुभयो भने वा तपाईंको स्वार्थमय विवेकले तपाईंको विचार, आचरण र क्रियाकलापहरूलाई नियन्त्रण गरिराख्न दियो भने तपाईंको जीवन कस्तो हुन्छ होला? के तपाईंको जीवन हाम्रो स्वामी येशूको जस्तै हुन्छ र? आत्मआलोचना गरेर ती प्रश्नहरूको जवाफ दिनुहोस्।